# सायल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

दुदिलेगडा,डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्या: २०७५/ ०७६
च.नं.

मिति :२०७५/०६/२५

विषय: राजश्व दाखिला सम्बन्धमा ।

श्री वडा कार्यालयहरु (सबै),
सायल गाउँपालिका,डोटी ।

उपरोक्त सम्बन्धमा आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९(३) मा कार्यालयले दश हजार रुपैयाँ सम्मको राजश्व रकम नगदै बुझिलिई त्यस्तो राजश्व रकम दैनिक रुपमा बैंक खातामा जम्मा गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र त्यस्तो नगद बैंक दाखिला गनुपर्ने व्यवस्था रहेको छ । अत: वडा कार्यालयहरुबाट संकलन भएको राजश्व रकमको सम्बन्धमा देहाय बमोजिम गर्न हुन अनुरोध छ ।

१. दश हजार भन्दा बढी रकम सिधै बैंक खातामा दाखिला गर्न लगाउने ।
२. नगद संकलन भएको राजश्व सम्भव भए दैनिक रुपमा सञ्चित कोष खातामा दाखिला गर्ने ।
३. दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने मनासिब कारण भएमा सात दिन भित्र सञ्चित कोष खातामा दाखिला गर्ने ।
४. राजश्व प्राप्तिको दैनिक अभिलेख खातामा नियमित रुपमा प्रबिष्टि गरी शिर्षगत रुपमा मासिक फाँटवारी र बैंक दाखिला भौचर प्रत्येक महिनाको ७ गते भित्र गाउँ कार्यपालिकाको कार्यालयमा अनिवार्य रुपमा पेश गर्ने ।
५. नियमित रुपमा राजश्व दाखिला नगर्ने वा मासिक फाँटवारी गाउँ कार्यपालिकाको कार्यालयमा पेश नगर्ने कर्मचारीको तलब भत्ता भुक्तानी गर्न नसकिने र आर्थिक कार्यविधि ऐन, २०५५ बमोजिम जरिवाना सहित दाखिला गनुपर्ने भएकोले यस तर्फ सम्बन्धित कर्मचारीहरु सजग रहनु पर्ने ।
६. स्थानिय तहको राजश्व रकम निम्नानुसारको खातामा दाखिला गर्नुपर्ने :

| | |
|---|---|
| खातावालाको नाम : | सायल गाउँ कार्यपालिकाको कार्यालय, ग ४.१ |
| खाता रहेको बैंक : | नबिल बैंक लि. सायल डोटी |
| खाता नं. : | ७८०१०१७५०००३४ |

.......
सुनिल ठकुल्ला
प्रमुख प्रशासकिय अधिकृत